# शैक्षिक बुलेटिन

**Educational Bulletin**

**बर्ष १, अंक २, आषाढ २०८०**

त्रिभुवन विश्वविद्यालय Tribhuvan University
पोखरा बहुमुखी क्याम्पस
Pokhara Multiple Campus


## विषय सुची


| | |
|---|---|
| पोखरा बहुमुखीको स्थापना र नयाँ भवन प्रवेश | १ |
| 'प्रोजेक्ट रिपोर्ट' लेखन प्रशिक्षण | २ |
| प्राध्यापकहरु लाई अनुसन्धानमुलक लेखन प्रशिक्षण | २ |
| आन्तरीक परिक्षा बारे अभिमुखीकरण | २ |
| क्याम्पस र समुदायबिच बिविध कार्यक्रम | २ |
| शैक्षिक गुणस्तर सुधार तथा शैक्षिक उन्नयन अन्तक्रिया | २ |
| बार्षिक परीक्षा केन्द्रित अभिमुखिकरण | ३ |
| क्यालेन्डर विमोचन तथा शुभकामना | ३ |
| वृक्षारोपण कार्यक्रम | ३ |
| जलवायु परिवर्तनबारे विषयक गोष्ठी | ३ |
| स्वागत तथा बिदाई कार्यक्रम | ४ |
| बित्तिय साक्षरता कार्यक्रम | ४ |


## पोखरा बहुमुखीको स्थापना र नयाँ भवन प्रवेश

तत्कालीन नगर पञ्चायत, जिल्ला पञ्चायत, उद्योग वाणिज्य सङ्घ, अञ्चलाधीश कार्यालय, समाजसेवी, शिक्षाप्रेमीहरूको अगुवाईमा यो क्याम्पस २०४४ साल मंसिर १४ गते पोखरा-१ टुँडिखेलमा स्थापना भएको थियो । पोखराको एकमात्र पृथ्वीनारायण क्याम्पसले विद्यार्थीको चाप थेग्न नसकेपछि तत्कालीन अवस्थामा सीमान्तकृत तथा निम्नवर्गमा समेत उच्च शिक्षाको




पहुँच पुर्याउने उद्देश्यले 'सर्वसुलभ शुल्कमा गुणस्तरीय शिक्षा' भन्ने मूल नाराकासाथ क्याम्पस सञ्चालनमा आएको हो । टुँडिखेलमा २०४४ सालमा सुरु भएको क्याम्पसले प्रविणता प्रमाणपत्र तहमा मानविकी तथा व्यवस्थापन सङ्काय सञ्चालन गर्दै आएकोमा पूर्वाधार अपुग भएपछि २०५९ सालमा तत्कालीन महेन्द्र निम्न माध्यमिक विद्यालयको हाताभित्र स्थानान्तरण हुन पुग्यो । तत्कालीन महेन्द्र नि.मा.वि. को हाताभित्रै क्याम्पसकै लगानीमा आवश्यक पूर्वाधार थप गरी २०७९ मंसिर १३ गतेसम्म सोही भवनमा सञ्चालन भएको थियो । हाल अपाङ्ग तथा प्रविधि मैत्री सुविधा सम्पन्न भवन पोखरा-९, शान्तिवनमा निर्माण गरी ३६ औं वार्षिकोत्सवको शुभसाइतमा पञ्चेबाजासहित पोखरेली शिक्षासेवी, भद्रभलादमी, शिक्षक र विद्यार्थीहरुको उपस्थितिमा आफ्नै नयाँ भवन प्रवेश गर्‍यो । क्याम्पसले यस दिनलाई 'गौरवमय दिन' का रुपमा लिएको छ ।

सोही अवसरमा क्याम्पसले भव्यरुपमा रक्तदान, सरसफाई, साहित्यिक, खेलकुद तथा सांस्कृतिक कार्यक्रम सम्पन्न गर्दै शैक्षिक र सामाजिक उत्तरदायित्वको भूमिका निर्वाह गर्‍यो । वार्षिकोत्सव कार्यक्रमका प्रमुख अतिथि गण्डकी प्रदेशका कानुन, सञ्चार तथा प्रदेशसभा मामिला मन्त्री विन्दु कुमार थापाले क्याम्पसको योगदान र भुमिकाको खुलेर चर्चा गर्नुभयो । क्याम्पस दुलही झैं सिंगारिएर घर भित्रिएको चर्चा गर्दै उहाँले आगामी दिनमा स्वयं र सरकारले गर्नुपर्ने सहयोगबाट क्याम्पस थप लाभान्वित हुने जनाउँनु भयो । प्रमुख अतिथि थापाले क्याम्पसका कार्यक्रममा प्रयोगात्मक र समयानुकूल विषय थप गर्न आग्रह गर्दै समुदायको साथ सदैव रहने उद्घोषसमेत गर्नुभयो ।

क्याम्पस सञ्चालक समितिका अध्यक्ष नरेन्द्रमान लालचनले सम्पूर्ण दाताको साथ र सहयोगबाट क्याम्पस भवन सम्पन्न हुन सफल भएको भन्दै खुशी व्यक्त गर्नुभयो । आगामी दिनमा क्याम्पसको संरचना थप्ने र व्यवस्थित पुस्तकालय निर्माण गर्ने योजना रहेको बताउनुभयो । सञ्चालक समितिको तर्फबाट शंकर देवकोटा, शंकर गुरुङ, बद्री श्रेष्ठ र प्राध्यापकको तर्फबाट हस्तबहादुर थापा, महेन्द्रप्रसाद रिमालले आफ्नो धारणा राख्नु भएको थियो ।

सोही क्रममा क्याम्पस प्रमुख शिशुकला पराजुलीले यस दिनलाई क्याम्पसको इतिहासमा विशेष दिन भएको धारणा राख्दै भौतिक संरचनाको अभावमा अध्ययन अध्यापन तथा थप कार्यक्रम ल्याउन अप्ठ्यारो परिरहेकोले आगामी शैक्षिक सत्रदेखि क्याम्पसले आफ्ना शैक्षिक गतिविधि प्रभावकारी रूपमा अगाडि बढाउने जानकारी दिनुभयो । क्याम्पसको जग्गा प्राप्तिदेखि निर्माणका लागि प्रत्यक्ष तथा अप्रत्यक्ष सहयोग गर्ने सम्पूर्ण दाता तथा सङ्घसंस्थाप्रति आभार व्यक्त गर्दै आगामी दिनमा पनि यस्तै साथ र सहयोग प्राप्त हुने विश्वास रहेको बताउनुभयो ।



## प्रयोगात्मक अभ्यासमा पिएमसी

### विद्यार्थीलाई 'प्रोजेक्ट रिपोर्ट' लेखन प्रशिक्षण




पाठ्यक्रम अनुरुप व्यवस्थापन सङ्कायको चौथो वर्षमा अध्ययनरत विद्यार्थीले वार्षिक परीक्षा अन्तर्गत अनुसन्धानमूलक 'प्रोजेक्ट रिपोर्ट' अनिवार्य तयार गर्नुपर्ने भएको हुँदा विगतमा जस्तै विद्यार्थीहरुलाई अनुसन्धानमूलक 'प्रोजेक्ट रिपोर्ट' लेखन सम्बन्धी एक दिने प्रशिक्षण सम्पन्न भयो । उक्त प्रशिक्षणमा ३० जना विद्यार्थी सहभागी थिए । सो कार्यक्रममा अनुसन्धान विज्ञ जसबहादुर गुरुङ, दिपक प्रसाद घिमिरे र भीमप्रसाद न्यौपानेले सहजीकरण गर्नु भयो थियो । विद्यार्थीले विभिन्न क्षेत्रका बारेमा अध्ययन गर्दै त्यस सम्बन्धी अनुसन्धानमूलक प्रतिवेदन तयार गर्दै आएका छन् ।

### प्राध्यापकहरूलाई अनुसन्धानमूलक लेखबारे प्रशिक्षण




क्याम्पसले प्रकाशन गर्दै आएको अनुसन्धानमूलक लेखसहितको जर्नल प्रकाशनको नियमितताको लागि प्राध्यापकहरूलाई प्रशिक्षण दिइएको छ । अनुसन्धान समिति (RMC) ले आयोजना गरेको उक्त कार्यक्रममा १७ जना प्राध्यापकहरूको सहभागिता थियो । कार्यक्रममा प्रशिक्षकहरू पृथ्वीनारायण क्याम्पसका अर्थशास्त्र विभागका प्रा.डा. लेखनाथ भट्टराई, अङ्ग्रेजी विभागका सहप्राध्यापक डा. नागेन्द्र भण्डारी र सहप्राध्यापक जसबहादुर गुरुङले सहजीकरण गर्नुभएको थियो । कार्यक्रममा क्याम्पस प्रमुख तथा विज्ञहरूले अनुसन्धानमूलक लेखनको महत्व तथा उद्देश्यमाथि प्रकाश पार्दै आगामी दिनमा प्रकाशन गर्ने जर्नलका लागि सहयोग गर्ने प्रतिवद्धता पनि जनाउनुभयो । यस्ता लेखको लागि प्राध्यापकहरुलाई सम्मान स्वरुप उचित पारिश्रमिकको व्यवस्था गर्ने जानकारी क्याम्पस प्रमुखले दिनुभयो । प्रशिक्षार्थीको तर्फबाट सहभागीहरुले यस्ता प्रशिक्षणले अनुसन्धानमूलक लेख रचनाका लागि प्रोत्साहन मिलेको बताउनुभयो ।

### आन्तरिक परीक्षाबारे अभिमुखिकरण



विद्यार्थीको आत्मविश्वास वृद्धि गराउँदै नतिजामा सुधार ल्याउने उद्देश्यले स्नातक तह प्रथम र तेस्रो वर्षका विद्यार्थीका लागि आन्तरिक परीक्षाको तयारीबारे अभिमुखीकरण सम्पन्न भयो । क्याम्पस प्रमुखको अध्यक्षतामा भएको कार्यक्रममा IQAC प्रमुख महेन्द्रप्रसाद रिमालले परीक्षा दिने विद्यार्थीका लागि सहजीकरण गर्नु भएको थियो । दृढ आत्मविश्वासका साथ परीक्षामा सहभागी हुन प्रेरित गर्नुभयो । क्याम्पसमा आन्तरिक परीक्षा दुईपटक सञ्चालन गर्दै आएकोमा आगामी दिनमा शैक्षिक गुणस्तरलाई सुदृढ गराउनका लागि वर्षमा तीनपटक परीक्षा लिने योजनामा क्याम्पस रहेको क्याम्पस प्रमुखले जानकारी दिनु भयो । साथै आन्तरिक परीक्षामा अनिवार्य सहभागी हुनुपर्ने, सो परीक्षाबाट विद्यार्थीको अवस्था पहिचान गरी Remedial Class सञ्चालनका लागि सहज हुने तथा यसले उत्कृष्ट नतिजा ल्याउन सहयोग हुने धारणा राख्दै विद्यार्थीहरुलाई उपलब्ध गराइने विभिन्न छात्रवृत्ति तथा सुविधाको बारेमा जानकारी दिनुभयो ।

## क्याम्पस र समुदायबीच विविध कार्यक्रम

### क्याम्पस र समुदायबीच अन्तरक्रिया

मिति २०७९ चैत्र १८ गते क्याम्पस र समुदाय बीच छलफल कार्यक्रम सम्पन्न भयो । सामुदायिक क्याम्पस समुदायकै सम्पत्ति भएको तथा समुदायको पहिचान भएकोले यस क्षेत्रका समुदायले नै उक्त संस्थाको संरक्षण, निगरानी तथा अपनत्व लिनुपर्ने सरोकारवालाहरुले जोड दिए । सामुदायिक संस्थाको महत्व समुदायले बुझ्नु पर्ने धारणा सहभागीहरुको थियो ।

टोल संस्था विकास समन्वय समितिका अध्यक्ष उत्तम जोशी र प्रकाश बास्तोलाले सामुदायिक क्याम्पसप्रति समुदायको ध्यान आकृष्ट गर्नु जरुरी रहेको बताउनु भयो । उहाँहरुले सर्वशुलभ शुल्कमा गुणस्तरीय शिक्षा दिनको लागि सामुदायिक शैक्षिक संस्थालाई अब्बल बनाउनु पर्ने बताउनु भयो । स्थानीय जनकल्याण महिला समूहकी अध्यक्ष बिमला परियारलले छोराछोरीलाई पढ्न पठाएर मात्र अभिभावकको कर्तव्य पुरा नहुने अभिभावकले पनि चाँसो दिनुपर्ने उहाँले बताउनु भयो ।




उक्त अवसरमा पत्रकार महासंघ कास्कीका पूर्व अध्यक्ष दिपेन्द्र श्रेष्ठले शैक्षिक सस्था र समुदायबीच नङ र मासुको जस्तो सम्बन्ध हुनुपर्ने सुझाउनु भयो । 'पोखरा बहुमुखी क्याम्पस पोखराकै पहिचान भएकोले पनि यस्ता सामुदायिक संस्थाहरु समुदायका अमूल्य निधिहरु भएको हुँदा सोको संरक्षण र सम्बर्द्धनमा समुदायको अहम् भूमिका रहेको बताउनु भयो ।

पोखरा बहुमुखी क्याम्पस सञ्चालक समितिका उपाध्यक्ष बद्री श्रेष्ठले सामुहिक प्रयासमा क्याम्पस सञ्चालन भएकोले अबको बाटोमा पनि समुदायको साथ चाहिने बताउनु भयो । सञ्चालक समिति अध्यक्ष नरेन्द्रमान लालचनले समुदायको सद्भावमा मात्र सामुदायिक सम्पत्तिको जगेर्ना हुने बताउनु भयो । सामुदायिक सम्पत्ति संरक्षणमा सबैको उत्तिकै योगदान हुने उहाँले बताउनु भयो । 'यो क्याम्पस समुदायको सम्पत्ति हो, सबै मिलेर संरक्षण गरौ,' उहाँले भन्नु भयो ।

साथै क्याम्पस प्रमुख शिशुकला पराजुलीका अनुसार शिक्षा, स्वास्थ्यमा सर्वसुलभ गर्नुपर्ने, सिपमूलक तथा व्यावहारिक शिक्षा प्रदान गरेर युवाहरुलाई स्वदेशमा नै केही गर्ने वातावरण सिर्जना गर्नु क्याम्पस लगायत समुदाय सम्पूर्णको जिम्मेवारी भएको धारणा राख्नुभएको थियो ।

### 'जिल्लास्तरीय शैक्षिक गुणस्तर सुधार तथा शैक्षिक उन्नयन' विषयक अन्तर्क्रिया

विशेषतः १२ कक्षा उत्तीर्ण पश्चात् विद्यार्थीहरू अध्ययन वा रोजगारीका लागि विदेसिने क्रम बढिरहेकाले यसको रोकथाम एवं न्यूनीकरण गर्न सरोकारवालाबीच क्याम्पसले ०७९ चैत ११ गते बृहत् अन्तरक्रिया कार्यक्रमको आयोजना गरिएको थियो । उक्त कार्यक्रममा कास्की जिल्लामा

अवस्थित ४० भन्दा बढी मा.वि. का प्राचार्यहरुको सहभागिता रहेको थियो । सहभागीहरुमध्येबाट शितलदेवी माविका बाबुराम अधिकारी, छोरेपाटन माविका डिल्लिराम शर्मा, सिद्ध पब्लिक क्याम्पसका प्राध्यापक आनन्दराज अधिकारी, तालबाराही माविका ताराप्रसाद पोखरेल, भलामस्थित महेन्द्र माविका बोधराज पौडेल, बाराही मा.वि. का शिवराज भण्डारी, टप्स मा.वि. का रत्नमान गुरुङ, लिटिल स्टेप मा.वि. का शेरबहादुर गुरुङ र पम्फा गुरुङ, गोल्डेन फ्युचरका वीरबहादुर बुढाथोकी, बाल मन्दिर मा.वि. का सुशील बस्नेत लगायतले आफ्नो धारणा राख्दै शिक्षामा रोजगारमूलक शिक्षा तथा गुणस्तर ायम हुन नसक्नुले युवा शक्ति दिनहुँ पलायन भइरहेको हुँदा




विद्यार्थीलाई स्वदेशमै रोक्न शिक्षामा राज्यले नीतिगत सुधार गर्नुपर्ने, राज्यको लगानी बढाउनु पर्ने, विद्यार्थीलाई अनुसन्धानमूलक कार्यमा लगाउनु पर्ने, देशमै रोजगारीको सिर्जना गर्नुपर्ने, विश्वविद्यालयको बेथितिलाई नियन्त्रण गर्नुपर्ने, शैक्षिक संस्थामा राजनीतिक आधारमा नियुक्ति गर्ने प्रचलनलाई हटाउनु पर्नेजस्ता धारणाहरु राख्नुभएको थियो ।

क्याम्पस प्रमुख शिशुकला पराजुली, समितिका उपाध्यक्ष बद्री श्रेष्ठ, अध्यक्ष नरेन्द्रमान लालचनले देशलाई सुदृढ र अब्बल बनाउने हो भने शिक्षामा सुधार गर्नुपर्ने बताउनुभयो । स्वदेशमा श्रमको उचित सम्मान हुन नसक्दा पनि विदेसिनेको सङ्ख्या बढेको र उक्त श्रमशक्तिलाई उत्पादन कार्यमा लगाउन नसक्दा उत्पादकत्व घट्न गई देशमा ठूलो विकराल अवस्था उत्पन्न हुने बताउँदै दिनहुँ बिदेसिने युवा शक्तिलाई स्वदशेमै रोक्न सरकारी निकायले तत्काले कदम चाल्नुपर्ने उहाँले बताउनुभयो ।

प्रमुख अतिथिका रुपमा शिक्षा विकास तथा समन्वय इकाई कास्कीका प्रमुख नारायणप्रसाद सुवेदीले कतिपय सामुदायिक विद्यालयले गुणस्तर कायम गरेकै कारण ती विद्यालयमा भर्ना दर उच्च रहेको बताउनुभयो । उहाँले पढाईमा गुणस्तर सर्टिफिकेटमा मात्र खोजी भएको, व्यवहारिकतामा गुणस्तर खोजी हुन नसकेको, सर्टिफिकेटमा गुणस्तर खोज्यौ, देशको सेवा गरौं भन्ने भावना विकास गराउन नसकेको सुवेदीले बताउनुभयो ।

## विद्यार्थीलाई वार्षिक परीक्षा केन्द्रित अभिमुखीकरण



पोखरा बहुमुखी क्याम्पसमा व्यवस्थापन र मानविकी सङ्कायमा दोश्रो वर्षमा अध्ययन गर्ने विद्यार्थीका लागि अभिमुखीकरण कार्यक्रम आयोजना गरिएको छ । पहिलो वर्षको वार्षिक परीक्षा दिएका विद्यार्थीका लागि क्याम्पसले अभिमूखिकरण आयोजना गरेको हो कार्यक्रममा आईक्यूएसी प्रमुख महेन्द्रप्रसाद रिमाल, क्याम्पस प्रमुख शिशुकला पराजुली, विभागीय प्रमुखहरु दिपकप्रसाद घिमिरे र पुष्पराज अधिकारी, अनुपमणि अधिकारीले परीक्षाका नियमको बारेमा जानकारी दिँदै उत्कृष्ट नतिजा ल्याउनका लागि विद्यार्थीहरुलाई प्रोत्साहन गर्दै आ-आफ्नो भनाइ राख्नुभयो ।

## 'पिएमसी क्यालेन्डर' विमोचन र शुभकामना आदान-प्रदान



पोखरा बहुमुखी क्याम्पसले नयाँ वर्ष २०८० को अवसरमा आयोजित शुभकामना आदानप्रदान तथा क्यालेन्डर विमोचन कार्यक्रम सम्पन्न गऱ्यो । क्याम्पसले वार्षिक शैक्षिक योजना र अन्य कार्यक्रमहरु शैक्षिक क्यालेन्डरमा समेटिएको छ । क्यालेन्डर विमोचन गर्दै कार्यक्रमका प्रमुख अतिथि नरेन्द्रमान लालचनले वार्षिक गतिविधि तय गर्दा कार्यक्रम प्रभावकारी हुने बताउनुभयो । सम्पूर्णलाई नयाँ वर्षको शुभकामना व्यक्त गर्दै नयाँ वर्षले ल्याउने उमङ्ग र उत्साहले शैक्षिक उन्नयनमा समेत सफलता प्राप्त होओस् भनेर शुभकामना दिनुभयो ।

क्याम्पसले गुणस्तरीय शिक्षा र सामुदायिक योगदानमा भूमिका खेलिरहेको बताउँदै अध्यक्ष लालचनले विद्यार्थीमात्र हैन अभिभावकको लगावले पनि शिक्षामा महत्वपूर्ण भूमिका खेल्ने उल्लेख गर्नुभयो । सोही अवसरमा क्याम्पस प्रमुख शिशुकला पराजुलीले विद्यार्थी, कर्मचारी र प्राध्यापकबीच शुभकामना बाँड्दै सबैले आ-आफ्नो कर्तव्यबोधमा नै संस्थाको सफलता हुने बताउनुभयो ।

## नेचर क्लबको वृक्षरोपण



पोखरा बहुमुखी क्याम्पसमा स्थापना भएको नेचर क्लबले वातावरणमा आएको परिवर्तन र यसको असरसँगै प्रकृति संरक्षण र सम्बर्द्धन गर्ने अभिप्रायले क्याम्पस परिसरमा वृक्षरोपण तथा सरसफाई सम्पन्न गऱ्यो । सो कार्यक्रममा क्याम्पस सञ्चालक समितिका पदाधिकारी, प्रध्यापक, कर्मचारी र विद्यार्थीको सहभागितामा विभिन्न प्रजातिका विरुवा कपुर, अशोका, धुपी, पारिजात, अम्बा लगायत रोपिएको थियो । नेचर क्लबका अध्यक्ष गणेश रामदामको सक्रियतामा उक्त कार्यक्रम सम्पन्न भएको थियो ।

## 'जलवायु परिवर्तन र असर' विषयक गोष्ठी आयोजना

जलवायु परिवर्तन र यसका प्रभावबारे विद्यार्थीलाई सचेत र जागरुक बनाउने उद्देश्यले ०८० वैशाख २८ गते पोखरा बहुमुखी क्याम्पसमा एकदिने गोष्ठी आयोजना गरिएको छ । जलवायु परिवर्तनबारे अध्ययन गरेका अध्ययनकर्ता जगदीश पराजुलीले उक्त अवसरमा प्रस्तुती राख्नुभएको थियो । पराजुलीका अनुसार पछिल्लो समय विश्वव्यापी रूपमा

नै जलवायु परिवर्तनका कारण पृथ्वीमा तापक्रम बढ्न थालेको छ । मानव सिर्जित कारणले अहिले जलवायुमा असर परेको, खडेरी बढ्ने, बाढी पहिरो जस्ता घटना बढ्ने उहाँले भन्नुभयो, जलवायु परिवर्तनको असरका कारण



समुन्द्रको सतहको आकार बढ्न जादा कतिपय मुलुक नै जोखिममा परेका छन् । चिसोमा आश्रित जन्तु लोप हुने अवस्था छ किनकी हिउँ पग्लिन थालेको छ ।' उहाँले तापक्रम कम र बढी हुँदा पनि असर पर्ने बताउनुभयो । 'मानव सिर्जित गतिविधि, इन्धन सकिनु, बन फडानी, जैविक बिबिधता जस्ता समस्याले जलवायुमा परिवर्तन आउने उहाँको भनाइ छ। नेपालमा बाढी पहिरो, हिमताल बिस्फोट, आगलागी गर्मी चिसो जस्ता घटना जलवायु परिवर्तनका कारण बढ्न थालेको उहाँले बताउनुभयो । वृक्षरापेण गर्ने तथा प्रकृतिलाई जोगाउन हामी सम्पूर्णको तर्फबाट आवश्यक पहल गर्नुपर्ने सहभागीहरुले जानकारी दिए ।

## कल्याणकारीद्वारा स्वागत तथा बिदाई



पोखरा बहुमुखी क्याम्पसले प्रथम वर्षका विद्यार्थीका लागि स्वागत र चौथो वर्षका विद्यार्थीको लागि बिदाइ कार्यक्रम सम्पन्न गऱ्यो । चौथो वर्षका विद्यार्थीलाई बिदाई तथा प्रथम वर्षका विद्यार्थीलाई स्वागत गर्दै क्याम्पस सञ्चालक समितिका अध्यक्ष नरेन्द्रमान लालचनले क्याम्पसप्रतिको माया र ममता अझ बढी प्रगाढ बनाउन आग्रह गर्नुभयो। चौथो वर्षका विद्यार्थीलाई आगामी दिनमा सफल भई अघि बढ्न शुभकामना दिँदै उहाँले नयाँ विद्यार्थीलाई लगनशील भई अध्ययन गर्न सुझाव दिनुभयो ।

विद्यार्थी कल्याणकारी समितिका अध्यक्ष कृष्णप्रसाद काफ्लेले विद्यार्थीले क्याम्पसमा किताबी ज्ञानमात्र नभई व्यवहारिक शिक्षा पनि पाएको बताउनुभयो । क्याम्पस प्रमुख शिशुकला पराजुलीले क्याम्पसलाई अब्बल बनाउन विद्यार्थीको पनि भूमिका हुने उल्लेख गर्दै विद्यार्थीको सफल भविष्यले क्याम्पसको समेत नाम र प्रतिष्ठा बढ्ने जनाउनु भयो ।


सम्पादक मण्डल

सन्तोष पोखरेल — सम्पादक

दिपक प्रसाद घिमिरे — सदस्य

तिर्सना बस्नेत — सदस्य


## प्राइमसँग 'वित्तीय साक्षरता' कार्यक्रम



विद्यार्थीलाई वित्तीय साक्षरता सम्बन्धी आधारभूत शिक्षा दिने उद्देश्यले २०८० वैशाख ६ गते प्राइम कमर्सियल बैंकको सहकार्यमा 'वित्तीय साक्षरता कार्यक्रम' सम्पन्न गरियो । उक्त कार्यक्रममा बैंकका पोखरा प्रबन्धक अम्बिका शर्मा, पोखरा शाखाका अपरेशन इन्चार्ज नरेन्द्र थापाले सहभागी विद्यार्थीहरुलाई बैंक तथा वित्तीय संस्थाकाबारे जानकारी दिँदै वित्तीय सुपरिवेक्षण, नोट व्यवस्थापन, वित्त प्रणाली र नियामक निकाय राष्ट्र बैंकका मूलभूत कार्यबारे प्रकाश पार्नुभएको थियो । देशको अर्थतन्त्रमा वित्तीय प्रणालीको आवश्यकता र अपरिहार्यतासँगै बैंकमा बचत गर्दा व्यक्ति र देशलाई पुग्ने फाइदबारे व्याख्या गर्नुभएको थियो । राष्ट्र निर्माणमा वित्त व्यवस्थापन र सञ्चालनको भूमिका महत्वपूर्ण हुने जनाउनु भयो । शेयर बजार, लगानी र सुविधाबारे विस्तृतमा जानकारी गराउँदै बैंक खाता र यसको प्रकारसँगै कर्जाका विभिन्न शीर्षकमाथि प्रकाश पार्नुभएको थियो ।

उक्त कार्यक्रमको समापन गर्दै क्याम्पस प्रमुख शिशुकला पराजुलीले बैंक परिवारलाई अमूल्य समय र ज्ञान बाँडेकोमा धन्यवाद व्यक्त गर्दै विद्यार्थीलाई दिएको विविध जानकारीले आगामी दिनमा कुनै पनि क्षेत्रमा सफल हुन र आर्थिक अनुशासन कायम राख्न सहयोग पुग्ने विश्वास व्यक्त गर्नुभयो ।


